आज मिति २०७५।०६।२४ गते बुधबारका दिन बिहान ८ : ०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको पच्चिसौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थित पदाधिकारी तथा महानुभावहरु

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री दल बहादुर राई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सुरज अर्याल, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

अन्य आमन्त्रित

श्री रामचन्द्र लामिछाने, कार्यक्रम अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री उपेन्द्र ख्याकुरेल, सूचना प्रविधि अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय

श्री योगेन्द्र बहादुर थोक्लेन, लेखापाल, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री राजेन्द्र बहादुर शाही, खरीदार, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

निर्णयहरु:

१. क. लिखु गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि,२०७५ स्वीकृत गर्ने ।

ख. लिखु गाउँपालिकाको वडा नं. ५ र ६ मा संयुक्त रुपमा स्थानपना गर्ने सामुदायिक स्वास्थ्य इकाइ तथा वडा नं. २ मा स्थापना गर्ने सामुदायिक स्वास्थ्य इकाइमा देहाय बमोजिमको प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने ।

अ.हे.व. (पाँचौं) (२)दुई

अ.न.मी. (चौथो) (२)दुई

कार्यालय सहयोगी (२)दुई

ग. उपरोक्तानुसारको कर्मचारीलाई तलब भत्ता लगायतको स्रोत प्रदेशबाट प्राप्त स्वास्थ्य तर्फको सशर्त अनुदान बाट र बाँकी रकम गाउँकार्यपालिकाको चालूतर्फ छुट्याइएको कर्मचारी तलब भत्ता शीर्षकबाट बचत हुन आउने रकम बाट व्यहोर्ने र सो बजेट बचत हुन नआएमा गाउँपालिकाको आन्तरिक आयबाट व्यहोर्ने निर्णय गरियो ।

२ क. केही महिनादेखि परेको अविरल वर्षात्को कारण यस गाउँपालिका क्षेत्र भित्रका विभिन्न खोला, खहरेमा आएको बाढी तथा पहिरोका कारण कतिपय घर भत्केको, घर, वस्ती जोखिममा परेको भनि संबन्धित व्यक्तिहरुबाट राहात, संरक्षणको लागि माग भै आएको निवेदन सन्दर्भमा गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरी क्षति न्युनिकरणको लागि वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफरिश बमोजिम देहाय बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

| सि.नं. | नाम थर | ठेगाना | नगद/ग्याबिन जाली परिमाण |
|---|---|---|---|
| १ | विकास सार्की | लिखु ३ | रु ५०००।०० |
| २ | रमेश मिजार | लिखु ३ | रु ५०००।०० |
| ३ | शंकर सार्की | लिखु ३, | रु ५०००।०० |
| ४ | भरत धौलाकोटी | लिखु ३, | रु ५०००।०० |
| ६ | देवेन्द्र न्यौपाने | लिखु ५ | ८ थान जाली |
| ७ | श्याम ब. मिजार | लिखु ३, | रु ५०००।०० |
| ८ | कान्छा राई | लिखु १ , | रु ५०००।०० |
| ९ | गजेन्द्र कवर | लिखु १ | रु १५०००।०० |
| १० | नव ब. थापा | लिखु १ | रु ५०००।०० |
| ११ | किटिनीखानी वस्ती संरक्षण | लिखु १ | १० थान जाली |

ख. लिखु १ आंपचौर खा.पा. मर्मत को लागि ल.इ. तयार गरी आवश्यक बजेट व्यवस्थापन गर्ने ।

३. साथै ग्याविन जाली दिएको हकमा प्राविधिकको प्रतिवेदन र वील भर्पाइको आधारमा जालीमा ढुंगा भर्ने र ढुवानी वापत प्रति ग्याविन रु १०००।०० एक हजारका दरले उपलब्ध गराउने ।

४. विपद् व्यवस्थापनको सिलसिलामा स्थलगत निरीक्षणको क्रममा संयोजकबाट खर्च भएको वील बमोजिमको रकम रु १५००।०० पन्ध्रसय भुक्तानीको लागि सिफारिस गर्ने ।

५. क. जिल्ला समन्वय समितिबाट स्वीकृत भएको लिखु र तादी खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन कार्यपालिकाको बैठकमा प्रस्तुत भयो ।

ख.स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को आधारमा आ.व. २०७५।०७६ को लागि लिखु र तादी खोलाबाट उत्खनन गर्न सकिने ढुंगा, गिटी, वालुवा आदिको संकलन गर्न सकिने परिमाण देहाय बमोजिम रहने निर्णय गरियो ।

अ. लिखु खोला ५११६० (एकाउन्न हजार एक शय साठी घनमिटर मात्र)घ.मि.(१८०५९४८ क्यु.फिट)

आ. तादी खोला ५९३४० ( उनन्साठी हजार तीन शय चालिस मात्र) घ.मि.(२०९४७०२ क्यु.फिट)

ग. लिखु र तादी खोलाबाट आ.व. २०७५।०७६ को लागि उत्खनन गर्न सकिने ढुंगा, गिटी, वालुवा आदिको संकलन गर्न सकिने परिमाणमध्ये ६००,००० (छ लाख) क्यु.फिट लिखु गाउँपालिका क्षेत्र भित्रका भूकम्प पीडितको लागि निजी आवास पुन: निर्माण गर्ने प्रयोजनार्थ मात्र प्रति क्यु फिट भ्याट बाहेक रु.६।-(छ)( संकलन र बिक्री शुल्क)को दरले हुने आउने रकम रु ३६,००,०००।-(छत्तीस लाख मात्र) लिई उपलब्ध गराउने निर्णय गरियो ।

घ. लिखु र तादी खोलाबाट उत्खनन गर्न सकिने ढुंगा, गिटी, वालुवा आदिको संकलन गर्न सकिने परिमाण मध्ये आ.व. २०७५।०७६ को बाँकी अवधिको लागि १५,००,०००।-(पन्ध्र लाख मात्र) क्यु.फिटको प्रति क्यु.फिट भ्याट बाहेक रु.९।-(नौ)( संकलन र बिक्री शुल्क) को दरले हुने आउने अंक १,३५,००,०००।-(एक करोड पैंतिस लाख मात्र) गर्ने निर्णय गरियो ।

ङ.देहायका कवाडी सामान तथा अन्य वस्तुहरुमा देहाय बमोजिमको निकासी कर निर्धारणको गर्ने गरियो ।

१. ब्लक प्रति गोटा रु १।००
२. पानी प्रति लिटर रु ०।२५
३. बियर वोटल प्रति गोटा रु ०।५०
४. मदिरा सिसी प्रति गोटा रु ०।५०
५. अन्य बोटल प्रति गोटा रु ०।५०
६. प्लाष्टिकजन्य पदार्थ प्रतिकेजी रु ०।५०
७. फलाम प्रति केजी रु २।००
८. सिलौट, जस्ता प्रति केजी रु २।००
९. तामा, पित्तल प्रति केजी रु ३०।००
१०. कागज प्रति केजी रु ०।५०
११. हाड, सिंग, खोर प्रति केजी रु ५।००
१२. इटा लोकल प्रति गोटा रु ०।२५
१३. इटा चाइनिज प्रतिगोटा रु १।००
१४. इनारको रिंग प्रति गोटा रु १५।००

च) उल्लेखित वस्तु तथा कवाडी सामानहरुको हकमा चालु आ.व. को बाँकी अवधिको लागि चाइनिज ईटा बाहेक न्यूनतम अंक भ्याट बाहेक रु १००,०००।०० (एक लाख मात्र) तोकी ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

छ) उपरोक्त निर्णनुसारको ढुंगा, गिटी, बालुवा आदिको न्यूतम ठेक्का अंक भ्याट बाहेक रु १,७१,००,०००।०० (एक करोड एकहत्तर लाख मात्र) र माथि उल्लेखित कवाडी सामानहरुको न्यूनतम अंक भ्याट बाहेक रु १००,०००।०० (एक लाख मात्र) गरी जम्मा ठेक्का योग्य न्यूनतम अंक भ्याट बाहेक रु १,७२,००,०००।०० (एक करोड बहत्तर लाख मात्र) हुने गरी विद्युतीय माध्यमबाट ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

ज) लिखु गाउँपालिकाका लिखु र तादी खोलाबाट ढुंगा, गिटी, वालुवा, रोडा, मस्कट, भस्कट, माटो आदि संकलन, उत्खनन, ओसार पसार र बिक्री वितरण गर्न २०७५ साल आश्विन ३० गते देखि लागू हुने गरी दशै विदा अवधि भर रोक लगाउने निर्णय गरियो ।

झ) लिखु गाउँपालिकाको नदीजन्य निर्माण सामाग्री (ढुंगा, गिटी, वालुवा, रोडा, मस्कट, भस्कट, माटो आदि) संकलन, उत्खनन, ओसार पसार र बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७४ को दफा ७ बमोजिम देहाय बमोजिमका सदस्य रहने गरी सिफारिश समिति गठन गर्ने र सो सिफारिश समितिको निर्णयानुसार अध्यक्षबाट सिफारिश प्रदान गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) गाउँपालिकाको अध्यक्ष | श्री ध्रुव श्रेष्ठ | संयोजक |
| ख) सम्बन्धित वडाका वडा अध्यक्ष | | सदस्य |
| ग) गाउँ कार्यपालिकाको सदस्य | श्री इन्द्र बहादुर घर्ती | सदस्य |
| घ) गाउँ कार्यपालिकाको सदस्य | श्री इन्दिरा लोहनी | सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | | सदस्य-सचिव |

ञ) लिखु गाउँपालिकाको नदीजन्य निर्माण सामाग्री (ढुंगा, गिटी, वालुवा, रोडा, मस्कट, भस्कट, माटो आदि) संकलन, उत्खनन, ओसार पसार र बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७४ को दफा १२ बमोजिम देहाय बमोजिमका सदस्य रहने गरी अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क. गाउँपालिकाको उपाध्यक्ष | श्री रोजिना राई | संयोजक |
| ख. जिल्ला वन कार्यालय वा वातावरण शाखाको प्रतिनिधि | श्री सुवर्णमान तुलाधर | सदस्य |
| ग. स्थानीय प्रशासनको प्रतिनिधि | | सदस्य |
| घ. गाउँ कार्यपालिकाको सदस्य | श्री शान्ति राई | सदस्य |
| ङ गाउँ कार्यपालिकाको सदस्य | श्री नरहरि पाण्डे | सदस्य |
| च. उद्योग विकास शाखाको प्रतिनिधि | | सदस्य |

६. आउँदै गरेको हिन्दुहरुको महान चाड बडा दशैं तथा शुभ दिपावली एवं छठ पर्वको पावन अवसरमा सम्पूर्ण लिखुबासी, कर्मचारी, व्यवसायी, उद्यमी, पत्रकार लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।